www.a2zSubjects.com

# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ___________________________
   (Name) ______________________________
2. (Signature) ___________________________
   (Name) ______________________________

OMR Sheet No. : ..............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.________________________________
(In words)

**J A 0 3 4 1 7**

Time : 2 $\frac{1}{2}$ hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **16**

Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
   (iv) The test booklet no. and OMR sheet no. should be same. In case of discrepancy in the number, the candidate should immediately report the matter to the invigilator for replacement of the test booklet / OMR Sheet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** ① ② ● ④
   where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet on conclusion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
   (iv) प्रश्न पुस्तिका नं. और OMR पत्रक नं. समान होने चाहिए । यदि नंबर भिन्न हों, तो परीक्षार्थी प्रश्न-पुस्तिका / OMR पत्रक बदलने के लिए निरीक्षक को तुरंत सूचित करें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है :
   **उदाहरण :** ① ② ● ④
   जबकि (3) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका अपने साथ ले जा सकते हैं ।
10. **काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**



www.a2zSubjects.com

www.a2zSubjects.com

# NEPALI
# नेपाली
## PAPER – III
## प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्न अनिवार्य छन् ।

**1.** तलका मध्ये कुन समूहमा परेका सबै कथन सही हुन् ?

क. भाषा आद्यन्त सामाजिक वस्तु हो ।

ख. भाषा परम्परा हो, व्यक्तिले त्यसलाई आर्जन गर्न सक्तैन, त्यसलाई उत्पन्न गर्न सक्छ ।

ग. भाषाको कुनै अन्तिम रूप हुँदैन ।

घ. भाषा संयोगावस्थाबाट वियोगावस्थातिर जान्छ ।

(1) ख, ग, घ (2) क, ख, ग

(3) क, ख, घ (4) क, ग, घ

**2.** "परम्परा मानिसभन्दा ठुलो होइन । ..... परम्परा मानव प्रगतिको बाटोमा कति विषाक्त र घातक सिद्ध हुँदै गइरहेको छ हामीले त्यसलाई संशोधन मात्र गर्ने होइन जरादेखि निमोटेर फाल्नुपर्छ ।"

– माथिको भनाइ कुन साहित्यिक आन्दोलनको हो ?

(1) बुट-पालिस अभियान । (2) तेस्रो आयाम ।

(3) राल्फा आन्दोलन । (4) अस्वीकृत जमात ।

**3.** 'अपिनिहिति', 'अभिश्रुति', 'अपश्रुति' जस्ता प्रक्रिया कुन भाषिक विशेषतासँग सम्बन्धित छन् ?

(1) ध्वनि परिवर्तन । (2) अर्थ परिवर्तन ।

(3) रूपिमिक परिवर्तन । (4) कोशीय परिवर्तन ।

**4.** समालोचक गुमानसिंह चामलिङले रूपनारायण सिंहको 'धनमतीको सिनेमा स्वप्न' कथालाई कुन कुराको प्रभाव परेको कथा भनेका छन् ?

(1) अरूको हेल्चेक्र्याईंको प्रभाव । (2) सिनेमाको प्रभाव ।

(3) सुरक्षा-कानुनको प्रभाव । (4) स्वतन्त्रता-सङ्ग्रामको प्रभाव ।

**5.** कुन रसको स्थायी भाव जुगुप्सा हो ?

(1) वीभत्स । (2) भयानक ।

(3) रौद्र । (4) वीर ।



www.a2zSubjects.com

www.a2zSubjects.com

6. 'हिजेमनी' को अवधारणाको सैद्धान्तिक प्रतिपादन कसले गरेका हुन् ?

(1) मार्क्स-एङ्गेल्स ।
(2) भी. आई. लेनिन ।
(3) लुई आल्थ्युसर ।
(4) आन्तोनियो ग्राम्सी ।

7. अगमसिंह गिरीका कवितामा 'प्रगतिवादी' तत्त्व भए तापनि जातीय भाव-चेतनाको प्रबलता अनि जागरण र कुण्ठाको मिश्रणले 'रोमान्सेली' नै अधिक छ भन्ने समालोचक को हुन् ?

(1) लक्खीदेवी सुन्दास ।
(2) गुमानसिंह चामलिङ ।
(3) कुमार प्रधान ।
(4) राजनारायण प्रधान ।

रातभरि हुरी चल्यो
रातभरि छानामाथि असिना खस्यो
बारीमा पानी पस्यो;
भर्खर छरिएका बिउ, उम्रिएका टुसा
कोही बगे कोही भाँच्चिए
भ्यागुतोले आफ्नै टोड्कामा बसेर
भरात दर्द ओकलिरह्यो
झुलुक्क झुल्किएको जून
बादलको बर्को ओढेर निदायो
तारा सुते, खहरे उठे
रातभरि धरतीका मान्छेमाथि आकाशले गन्गान गरिरह्यो ।

8. माथिका पङ्क्तिमा कुन ऋतुको प्राकृतिक व्यञ्जना पाइन्छ ?

(1) शिशिर ।
(2) वसन्त ।
(3) ग्रीष्म ।
(4) वर्षा ।

9. माथिको कवितांशमा कुन शैलीपरक उपकरणको पुन:पौन्य पाइन्छ ?

(1) समान्तरता ।
(2) मानवीकरण ।
(3) ध्वनि-विपर्यय ।
(4) पर्याय कथन ।

10. हेराइ (गेज) बारे सार्त्र, लकाँ र फुकोले आ-आफ्ना सैद्धान्तिक व्याख्या अघि सारेका छन् । हेराइबारे सार्त्रको अवधारणा अस्तित्वको संरचना र प्रक्रियासँग सम्बन्धित छ, अनि जाक लकाँको अवधारणा मानिसको व्यक्तिगत र निजात्मक अनुभूतिसँग सम्बन्धित छ भने मिसेल फुकोको अवधारणा केसित सम्बन्धित छ ?

(1) लैङ्गिक द्वन्द्व ।
(2) सामाजिक-आर्थिक वास्तवता ।
(3) राजनैतिक-ऐतिहासिक र सामाजिक परिप्रेक्ष्य ।
(4) उत्तर आधुनिक विश्व व्यवस्था र पर्यावरण सङ्कट ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**11.** तलको कुन वाक्यमा अकर्मक क्रियाको प्रयोग भएको छ ?

(1) भाइ लेख्छ ।
(2) भाइ पढ्छ ।
(3) भाइ पकाउँछ ।
(4) भाइ हाँस्छ ।

**12.** 'भिन्न क्षमता' का विषयमा चिन्तन गर्ने र चर्चा गर्ने आलोचकहरू को हुन् ?

(1) मार्था एड्वार्ड्स, मार्गरेट मिन्जर, लेनार्ड डेविस ।
(2) उल्फगाङ आइजर, रोमन इङ्गार्देन, जोनाथन कलर ।
(3) हान्स रोबर्ट जौस, लिन्डा ग्रिफित्स, ज्योफ्री हार्टम्यान ।
(4) जर्ज लुकाच, लुसियन गोल्डमान, जोनाथन स्विफ्ट ।

**13.** ग्रिसेली लिपि र वर्णमालाको आविष्कार कसले गरेको मानिन्छ ?

(1) स्रोक्रेटस ।
(2) काडमस ।
(3) प्लेटो ।
(4) आर्किमिडिज ।

**14.** मनोविज्ञानका दृष्टिले इन्द्रबहादुर राईको औपन्यासिक पात्र एम के मनस्तापी पात्र हो भने शिवकुमार राईको 'कस्तो मानिस' कथाको नायक एम केचाहिँ कस्तो मानसिकता भएको पात्र हो ?

(1) अवसादी ।
(2) कूटसंवेगी ।
(3) मनस्तापी ।
(4) संशयी ।

**15.** कुनचाहिँ वाक्य व्याकरणसम्मत हो, कुनचाहिँ होइन भन्ने कुरा बुझ्ने आधार केलाई मानिन्छ ?

(1) लेखक/वक्तामा व्याकरणका नियमहरूको जानकारी ।
(2) पाठक/श्रोतामा व्याकरणका नियमहरूको ज्ञान ।
(3) भाषाको प्रतिनिधि वक्ता ।
(4) वैयाकरण वा भाषाशास्त्री ।

**16.** 'अतिशयोक्ति सबै अलङ्कारहरूको मूल हो ।'
माथिको मत कुन आचार्यको हो ?

(1) मम्मट ।
(2) राजशेखर ।
(3) कुन्तक ।
(4) भामह ।

**17.** इन्द्रबहादुर राईको कथा 'रातभरि हुरी चल्यो' पहिलोचोटि 'साहित्य सङ्गम' पत्रिकामा प्रकाशित भएको थियो भने त्यस पत्रिकाका सम्पादक को थिए ?

(1) जगत छेत्री ।
(2) राजनारायण प्रधान ।
(3) गुमानसिंह चामलिङ ।
(4) अगमसिंह गिरी ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**18.** आफ्ना तीन हरफे कवितालाई कुन कविले 'तीहक' नाउँ दिएका छन् ?

(1) अविनाश श्रेष्ठ ।  (2) राजेन्द्र भण्डारी ।

(3) कालुसिंह रनपहेँली  (4) बी. पी. मल्ल ।

**19.** तल समूह 'क' का रचना र समूह 'ख' का रचनाकारको सही क्रम चिह्नित गर्नुहोस् ।

| | **'क'** | | **'ख'** |
|---|---|---|---|
| (क) | महाभारत गदापर्व | (i) | दैवज्ञकेशरी अर्ज्याल |
| (ख) | गोरक्षयोगशास्त्र | (ii) | शिवनृसिंह |
| (ग) | तुलसीस्तव | (iii) | विजयानन्द |
| (घ) | बाजहोत्र | (iv) | दैवज्ञ ज्योतिनरसिंह |

| | **(क)** | **(ख)** | **(ग)** | **(घ)** |
|---|---|---|---|---|
| (1) | (iv) | (iii) | (i) | (ii) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (ii) | (i) | (iv) | (iii) |

**20.** प्लेटोले वाक्यका प्रमुख घटक केलाई माने ?

(1) ध्वनि र शब्द ।  (2) स्वर र व्यञ्जन ।

(3) लोगोस् र प्तोसिस ।  (4) ह्रिमा र ओनोमा ।

**21.** शोधको रूपायनसम्बन्धी निम्नलिखित कार्यहरूको उपयुक्त व्यावहारिक अनुक्रम चिह्नित गर्नुहोस –

क. शोध समस्याकथन र प्राक्कल्पना प्रस्तुति

ख. शोध समस्याको चयन

ग. उपयुक्त शोधपद्धतिको चयन

घ. तथ्याङ्क सङ्कलन

(1) ग, घ, क, घ  (2) क, ख, घ, ग

(3) ख, घ, क, ग  (4) ख, क, ग, घ

**22.** उपमानमा उपमेयको आरोप भए पनि उपमेयमा आकाङ्क्षित कुरा सिद्ध हुन नसक्दा त्यसले उपमानकै स्वरूप ग्रहण गर्ने अलङ्कार कुन हो ?

(1) भ्रान्ति ।  (2) अपह्नुति ।

(3) सन्देह ।  (4) परिणाम ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**23.** 'संरचित प्रश्नावली' भन्नाले कस्तो प्रश्नावली बुझिन्छ ?

(1) पुरानै प्रश्नलाई नयाँ किसिमले सोधिने प्रश्नहरू ।

(2) प्रत्येक कुराको व्याख्या गर्दै सोधिने प्रश्नहरू ।

(3) पहिल्यैबाट तयार पारिएका सुनिश्चित प्रश्नहरू ।

(4) अन्तर्वार्ताका क्रममा शोधार्थीका मनमा उत्पन्न प्रश्नहरू ।

**24.** सती प्रथा मूल विषय रहेको नेपाली चलचित्र 'झोला' मा तलको अर्को कुन विषय पनि संलग्न रहेको छ ?

(1) नारी बेचबिखन ।
(2) बहुपति प्रथा ।
(3) दास प्रथा ।
(4) अन्तापारिवारिक विवाह ।

**25.** ईश्वर बरालले उनको 'झ्यालबाट' पुस्तकमा उल्लेख गरे अनुसार इन्द्र सुन्दासको पहिलो प्रकाशित कथा कुन हो ?

(1) चामलको महँगी ।
(2) सपनाको सम्झना ।
(3) अद्‌भुत रोग ।
(4) मधु ।

**26.** "..... रूप छ - भर्खर फक्रेको गुलाफजस्तो । यो रूप छ गम्भीर - अथाह जलनिधिजस्तो । रूपले मनमा श्रद्धा उत्पन्न गराउँछ - उन्मत्त पार्दैन । यो रूपले मानिसका पवित्र भावहरूलाई जगाइदिन्छ - विह्वल गराउँदैन ।"

– यी पङ्क्तिहरू कुन रचनामा कुन पात्रका सन्दर्भमा लेखिएका छन् ?

(1) 'भ्रमर' मा वीणा ।

(2) 'तीन घुम्ती' मा इन्द्रमाया ।

(3) 'सुम्निमा' मा पुलोमा ।

(4) 'आज रमिता छ' मा इसाबेल ।

**27.** कुन साहित्यिक सिद्धान्तलाई आंशिक रूपमा रूपवादी र आंशिक रूपमा रूपवादभन्दा भिन्न समालोचना पद्धति भनिन्छ ?

(1) नवआलोचना ।
(2) संरचनावाद ।
(3) शैलीविज्ञान ।
(4) नवएरिस्टोटलवाद ।

**28.** एरिस्टोटलअनुसार कथानकका प्रमुख अङ्ग कुन कुन हुन् ?

(1) संवृति र विवृति ।
(2) स्थिति विपर्यय र अभिज्ञान ।
(3) घटनाक्रम र चरित्रचित्रण ।
(4) त्रास र करुणा ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**29.** "कविता भावनाको बौद्धिक कोमलता हो ।"

बालकृष्ण समले कुन कृतिमा यस्तो मन्तव्य व्यक्त गरेका छन् ?

(1) 'चिसो चुह्लो'को भूमिका' ।

(2) 'आगो र पानी' को भूमिका ।

(3) 'नियमित आकस्मिकता' को भूमिका ।

(4) 'मेरो कविताको आराधना (उपासना ?)' को भूमिका ।

**30.** तुलनात्मक साहित्यलाई अन्तर्विधात्मक सम्बन्ध र सार्विक साहित्यिक व्यापारका रूपमा कुन सम्प्रदायले हेरेको पाइन्छ ?

(1) फ्रान्सेली ।
(2) अमेरिकेली ।
(3) रसियाली ।
(4) फ्रान्सेली तथा अमेरिकेली ।

**31.** कलम हरायो ।

भाइले कलम हरायो ।

माथिका दुईवटा वाक्यका क्रियापदमा के भिन्नता छ ?

(1) पहिलो अकर्मक र दोस्रो सकर्मक हुन् ।

(2) पहिलो सकर्मक र दोस्रो अकर्मक हुन् ।

(3) पहिलो कर्ताहीन हो, दोस्रो कर्तायुक्त हो ।

(4) पहिलो सामान्यार्थक हो, दोस्रो प्रेरणार्थक हो ।

**32.** मगर भाषाका यी क्रियापदका प्रेरणार्थक रूप बनाउँदा देखिने रूपिमिक भिन्नताको कारण के हो ?

छिम (भिज्नु) – छिमिक (भिजाउनु)

एन (झगडा गर्नु) – एनेक (झगडा गराउनु)

काल (चढ्नु) – कालाक (चढाउनु)

झोर (ढोग्नु) – झोरोक (ढोगाउनु)

(1) समीभवन ।
(2) विषमीभवन ।
(3) स्वरसङ्गति ।
(4) नियमन ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**33.** छोरो, केटो, बाठो जस्ता शब्दका अन्त्यमा रहेको/-ओ/कस्तो रूप हो ?

(1) व्यक्त । (2) रिक्त ।

(3) शून्य । (4) सम्पृक्त ।

**34.** पृथ्वीनारायण शाहको विशुद्ध नेपाली सांस्कृतिक चेतनाका कारणले नेपाली साहित्य-सृजनको शुभारम्भ भएको मान्ने विद्वान् को हुन् ?

(1) वासुदेव त्रिपाठी ।

(2) मोहनराज शर्मा ।

(3) ठाकुरप्रसाद पराजुली ।

(4) दयाराम श्रेष्ठ ।

"थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो

खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ।"

**35.** यी पङ्क्तिमा 'खाता जाँचि' पदावलीले कस्तो सन्दर्भ ध्वनित गरेको छ ?

(1) प्रशासनिक-राजनैतिक ।

(2) ऐतिहासिक-पारम्परिक ।

(3) मिथकीय-धार्मिक ।

(4) अर्थनैतिक-सामाजिक ।

**36.** माथिको कवितांश कुन छन्दमा रचित छ ?

(1) पञ्चचामर (2) शार्दूलविक्रीडित ।

(3) स्रग्धरा । (4) पृथ्वी ।



www.a2zSubjects.com

www.a2zSubjects.com

"यमुनाजलमा बज्दछ मुरली !
जलमा बुलबुल रून्छन् पिलपिल !
रून्छन् कलकल !
यो तटको, वन छाया छवियुक्त
यौवन यौवन !
दिवानिशाको छाया अङ्कित,
वियोगमिलनको क्रीडाभूमि वृन्दावन !
यो मिलनको रोइरहेको इतिहास !"

**37.** यस कवितांशमा उल्लिखित 'यो मिलनको रोइरहेको इतिहास' कसको हों ?

(1) कृष्ण-मीराबाई ।
(2) राधाकृष्ण ।
(3) मुमताज-शाहजहाँ ।
(4) लैला-मजनु ।

**38.** "प्रयोगवादी र नव-प्रगतिवादी स्वरसमेतबाट केही प्रेरित रहेको छ - भारतको दार्जिलिङ भेग क्षेत्रको नेपाली कविताको समसामयिक धारा ।" – भनेर त्यस धाराका प्रतिनिधि कविहरूका रूपमा विकास गोतामे, नोरदेन रूम्बा, मनप्रसाद सुब्बा, मोहन ठकुरी, जीवन थिङ, राजेन्द्र भण्डारी आदिको नामोल्लेख गर्ने समालोचक को हुन् ?

(1) मोहनराज शर्मा ।
(2) अभि सुवेदी ।
(3) वासुदेव त्रिपाठी ।
(4) दयाराम श्रेष्ठ 'सम्भव' ।

"फेरि मेघ गर्ज्यो । कहिल्यै नडराउने रने पनि एकचोटि झसङ्ग भयो । बिजुलीको झिलिक्कमा त्यसले अधिको मृत पिताको स्मित अनुहार सम्झयो ।"

**39.** 'माछाको मोल' कथाबाट लिइएको यस उद्धरणले कुन कुरातर्फ निर्देश गर्दछ ?

(1) रने साँच्चैको निडर व्यक्ति थिएन ।
(2) रनेको बाबुको मृत्यु केही दिन अधि मात्र भएको थियो ।
(3) जालहारी हुनु रनेको पुस्तैनी पेसा थियो ।
(4) रनेको बाबु ङिच्च हाँस्ता हाँस्तै मरेको थियो ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**40.** माथिको उद्धरणमा इतिवृत्तविधानको कस्तो शैलीगत उपकरण प्रयोग गरिएको छ ?

(1) पूर्व-प्रासङ्गिक
(2) पर-प्रासङ्गिक ।
(3) प्रसङ्गगर्भ ।
(4) प्रसङ्गनिरपेक्ष ।

**41.** प्रथम ग्रिसेली वैयाकरण को हुन् ?

(1) एरिस्टार्कस ।
(2) डायोनिसस थ्र्याक्स ।
(3) एपोलोनियस डिस्कोलस ।
(4) स्टोइक्स ।

**42.** 'कालो, सुकेको, चाउरिएर मुजैमुजा परेको खुकुलो छालाको खोल भिरेको' पात्र कुन नेपाली उपन्यासको नायक हो ?

(1) 'लङ्गडाको साथी' को लङ्गडो ।
(2) 'आज रमिता छ' को के बी ।
(3) 'रेम्ब्रान्ट' को रेम्ब्रान्ट ।
(4) 'सुम्निमा' को सोमदत्त ।

**43.** कुन चिन्तनले आइडियोलजीलाई 'भ्रमपूर्ण चेतना' मान्दछ ?

(1) क्रोचेको कलावाद ।
(2) नित्सेको नाशवाद ।
(3) मार्क्स-एङ्गेल्सको शास्त्रीय मार्क्सवाद ।
(4) सार्त्रको अस्तित्ववाद ।

**44.** 'अवाँ गार्द' को मुख्यार्थ के हो ?

(1) उत्तर-आधुनिक ।
(2) अग्रिम सैनिक टोली ।
(3) विद्रोही ।
(4) अद्यावधिक ।

**45.** " 'गोर्खा संसार' मा पनि यिनका 'स्वागत'र 'होस्टेहैंसे' निबन्ध प्रकाशित छन् । " – यिनी को हुन् ?

(1) मणिसिंह गुरुङ ।
(2) शम्भुप्रसाद ढुङ्गेल ।
(3) पारसमणि प्रधान ।
(4) चक्रपाणि चालिसे ।

**46.** समापिका क्रिया बनिनका निम्ति धातुमा लाग्ने प्रत्ययलाई के भनिन्छ ?

(1) सुप् प्रत्यय ।
(2) तिङ् प्रत्यय ।
(3) क्रियार्थक नामिक प्रत्यय ।
(4) तद्धित प्रत्यय ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**47.** मिसेल फुकोले कुन कुरालाई ‘सङ्कथन’ को संज्ञा दिएका छन् ?

(1) भाषाको सामाजिक अभ्यास पक्ष ।
(2) लिखित पाठ ।
(3) सम्भाषण ।
(4) सम्वाद ।

**48.** “धरिछन कोइलीका कथाहरूमा इतिहास मिथकसँग मिसिन्छ र व्यक्तिगत बहादुरीका कथानकहरू पुस्तौँदेखि सुन्दै आएका सार्वजनिक स्मृतिसँग ठोक्किन थाल्छन् ।”

धरिछन् कोइली को हुन् ?

(1) समकालीन हिन्दी कथालेखक ।
(2) आधुनिक पन्जाबी उपन्यासका प्रणेता ।
(3) ध्रुवचन्द्र गौतमको ‘अलिखित’ उपन्यासको एउटा पात्र ।
(4) नेपालका चर्चित मैथिली साहित्यकार ।

**49.** लोकनाटक बालुनमा बालुनेहरूलाई चरण दिने पात्र विशेषलाई के भनिन्छ ?

(1) बालो ।
(2) गुरु ।
(3) नाइके ।
(4) खलिफा ।

**50.** गुरुप्रसाद मैनालीको कथामा आधार गरी निर्माण गरिएको नेपाली चलचित्र ‘परालको आगो’ का निर्देशकको नाउँ के हो ?

(1) प्रकाश थापा ।
(2) प्रताप सुब्बा ।
(3) बी. एस. थापा ।
(4) यादव खरेल ।

**51.** तलका मध्ये कुनचाहिँ कथन सही हो ?

(1) विनिर्माणवादले कृतिमा रहेका विरोधाभासी पदानुक्रमहरूको विगठन गर्दछ ।
(2) विनिर्माणवादले पुँजीवादी र पितृसत्तात्मक संस्कृतिका मान्यताहरूको पुनर्निर्माण गर्दछ ।
(3) विनिर्माणवादले कृतिमा रहेका द्विचरविरोधहरूको सूचीकरण गर्छ ।
(4) विनिर्माणवादले राजनैतिक उत्तरआधुनिकतावादको ठाडो विरोध गर्छ ।

**52.** जाक देरिदाले भाषा एक थरीको पालिम्प्सेस्ट हो भनेर के भन्न खोजेका हुन् ?

(1) भाषा एक थरीको सङ्केत व्यवस्था हो ।
(2) भाषा एक थरीको सामाजिक प्रक्रिया हो ।
(3) भाषा परस्पर द्वन्द्वात्मक तत्त्वहरूको सङ्गठन हो ।
(4) भाषामा नयाँ समसामयिकता सँगसँगै पुराना ‘लेखन’ का डामहरू पनि रहिरहेका हुन्छन् ।



www.a2zSubjects.com

**53.** शक्तिवल्लभ अर्यालले 'हास्यकदम्ब' को अङ्क विभाजन गर्दा 'अङ्क' को साटो कुन शब्द प्रयोग गरेका छन् ?

(1) वीथी ।
(2) खण्ड ।
(3) उल्लोल ।
(4) कल्लोल ।

**54.** विक्रम सम्वत् १५२४ को 'अर्जन्या बुडाको पुर्सो कथुरो' लालमोहरमा 'पुर्सो कथुरो' को शब्दार्थ के हो ?

(1) सेतो खरायो ।
(2) फुस्रो लोथर्के ।
(3) पोथी मुजुर ।
(4) भाले कस्तुरी ।

**55.** "आफ्नो ग्लानिभन्दा कुनै स्वच्छ अरू थोकैको मृत्यु भएको थाहमा त्यो रोई ।"

– माथिको टिप्पणी कुन उपन्यासकी नारी-पात्रबारे गरिएको हो ?

(1) 'आज रमिता छ' की बाबुनी ।
(2) 'शिरीषको फूल' की सकमबरी ।
(3) 'पल्लो घरको झ्याल' की मिसरी ।
(4) 'भ्रमर' की गौरी ।

**56.** 'आइडियोलजी' को अवधारणाका सैद्धान्तिक व्याख्याता को हुन् ?

(1) कार्ल मार्क्स ।
(2) लुई आल्थ्युसर ।
(3) रेमन्ड विलियम्स ।
(4) मिसेल फुको ।

**57.** कुन कुन अवधारणाहरूको व्याख्या गर्दा आधुनिक सामाजिक संस्थाहरूका नमुनाका रूपमा पागलखाना, कारागार र श्रेणीकोठाका अभ्यासहरूको अध्ययन गरिएको छ ?

(1) आइडियोलजी, सङ्कथन र हिजेमनी ।
(2) वर्गभेद, मनोविकार र पुँजीवाद ।
(3) भिन्न क्षमता, लिङ्गभेद र वर्गसङ्घर्ष ।
(4) आतङ्कवाद, उत्तरउपनिवेशवाद र विनिर्माणवाद ।

**58.** राजनीतिक-ऐतिहासिक र सामाजिक परिप्रेक्ष्य आधृत व्याख्याका सन्दर्भमा 'हेराइ सिद्धान्त' (गेज थ्योरी) को प्रतिपादन कसले गरेका हुन् ?

(1) पेर मासेरे ।
(2) लुई आल्थ्युसर ।
(3) मिसेल फुको ।
(4) लुसियन गोल्डम्यान ।



www.a2zSubjects.com

**59.** नेपालको मध्यपहाडी क्षेत्रमा बस्ने मगर र गुरुङ समाजमा प्रचलित घाटु के हो ?

(1) नृत्यगाथा ।

(2) गोपीचन ।

(3) भावपूर्ण नृत्य नाटक ।

(4) आख्यानाधृत लोक नाटक ।

**60.** समालोचक इन्द्रबहादुर राईले ‘अनुराधा’ उपन्यासकी अनुराधाको व्यक्तित्वलाई लेखकले ‘चरम स्वतन्त्रचिन्तनकी आराधिका’ नबनाउनाको कारण के हो भन्ने ठहऱ्याएका छन् ?

(1) शिक्षा र संस्कृतिको बाझो ।

(2) फ्रायडीय र उत्तर फ्रायडीय मनोविश्लेषणमाझको फाटो ।

(3) इतिवृत्तको रचनाशिल्पगत सीमा ।

(4) आञ्चलिक यथार्थजन्य सीमा ।

**61.** अनुसन्धानका सन्दर्भमा पूर्वकार्यको समीक्षालाई अरू के पनि भनिन्छ ?

(1) समीक्षा लेखन ।
(2) साहित्य समीक्षा ।
(3) वाङ्मय समीक्षा ।
(4) सर्वेक्षण लेखन ।

**62.** ‘जगत सिंह नाटक’ का नाटककार को हुन् ?

(1) पहलमानसिंह स्वाँर ।
(2) शम्भुप्रसाद ढुङ्ग्याल ।
(3) लक्ष्मीदत्त पन्त ।
(4) कालीभक्त पन्त ।

**63.** “साहित्यले जीवन र जगत्को अनुकरण गर्छ तर परिष्कृत अनुकरण, ढेलीहरूमा लेखिएको सिद्धान्त यही छ । त्यस सिद्धान्तसँगको क्रोध छ यस उपन्यासमा ।”

कुन उपन्यासका बारेमा कसले उक्त मन्तव्य प्रकट गरेका हुन् ?

(1) ‘अनुराधा’ उपन्यासका बारेमा कृष्णचन्द्रसिंह प्रधान ।

(2) ‘सुम्निमा’ उपन्यासका बारेमा वासुदेव त्रिपाठी ।

(3) ‘आज रमिता छ’ उपन्यासका बारेमा इन्द्रबहादुर राई ।

(4) ‘अग्निदत्त + अग्निदत्त’ उपन्यासका बारेमा दयाराम श्रेष्ठ ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**64.** ‘चन्द्रिका’ मा शम्भुप्रसाद ढुङ्ग्यालका दूई विवरणात्मक निबन्ध महेन्द्रमल्ली र जुनकिरी प्रकाशित भए । नेपाली साहित्यका सर्वथा मौलिक प्राथमिक निबन्ध यी नै हुन् ।

माथिको विचार कुन विद्वान्को हो ?

(1) रामकृष्ण शर्मा । (2) पारसमणि प्रधान ।

(3) ईश्वर बराल । (4) रत्नध्वज जोशी ।

**65.** ‘नेपाली एकाङ्की यात्रा’ पुस्तकमा ‘समस्या नाटक’ लेख्ने नाटककारहरू भनेर कस-कसका नाउँ उल्लेख गरिएको छ ?

(1) गोपालप्रसाद रिमाल, गोविन्द ‘गोठाले’, विजय मल्ल ।

(2) दौलतविक्रम विष्ट, वासु शशी, परशु प्रधान ।

(3) मोहनराज शर्मा, लक्ष्मण लोहनी, शङ्कर लामिछाने ।

(4) अविनाश श्रेष्ठ, सरुभक्त, नयनराज पाण्डे ।

‘शिआलदोहको रातो कोमीज और खोराब ।’ अजोयले अझै थप्यो ।

‘आगारी टिकट नामाग्यो भने बक्सा चुरी कोर्छ । बेहारीजोन अयाकदोम खोराब । ’

‘एस्तो कुरा गरेको सुन्यो भने...’ डराए झैँ गरी भन्यो एम. केले – ‘रिसाउँछ पो त !’

**66.** ‘आज रमिता छ’ उपन्यासको उपर्युक्त पाठ्यांशका सन्दर्भमा एम. केले सङ्केत गरेको पात्रले यस्तो व्यवहारलाई कस्तो संज्ञा दिने गरेको छ ?

(1) आरिस । (2) साम्प्रदायिक द्वेषभाव ।

(3) निन्दा । (4) षडयन्त्र ।

**67.** उपन्यासमा जनकले माथिको जस्तो भावनालाई केका आधारमा कस्तो भाव मानेका छन् ?

(1) मनोविज्ञानका आधारमा ‘व्यर्थको भय’ ।

(2) शत्रुता उब्जाउने ‘प्रतिशोधको भावना’ ।

(3) जलनका कारणले हुने ‘द्वेष भाव’ ।

(4) डरले गर्दा हुने ‘आत्मसमर्पणको अवस्था’ ।

**68.** सामुयेल बेकेटद्वारा लिखित ‘वेटिङ फर गोदो’ को नेपाली अनुवाद ‘ईश्वरको प्रतीक्षामा’ कसले तयार पारेका हुन् ?

(1) गोकुलसिंह छेत्री । (2) इन्द्र सुन्दास ।

(3) राधिका राया । (4) ओकिउयामा ग्वाइन ।

**69.** नेपाली चलचित्र ‘परालको आगो’ का गीतकार को हुन् ?

(1) नन्द हाङखिम । (2) इन्द्रबहादुर गुरुङ ।

(3) एस. एम. वाइबा । (4) मनबहादुर मुखिया ।



www.a2zSubjects.com

www.a2zSubjects.com

"नमर्ने हुन् उद्योग, जत्ति विज्ञान गर्दछ,
उत्ति गर्दछ यो ज्ञान, खालि भेद छ यत्तिमा –
ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ ।"

**70.** माथिको पाठ्यांश बालकृष्ण समको कुन कृतिबाट उद्धृत गरिएको हो ?

(1) आगो र पानी ।
(2) मुकुन्द इन्दिरा ।
(3) प्रह्लाद ।
(4) अन्धवेग ।

**71.** माथिको पाठ्यांश कुन छन्दमा रचित छ ?

(1) शशिवदना ।
(2) अनुष्टुप ।
(3) आर्या ।
(4) उपजाति ।

**72.** झ्याउरे छन्दलाई कति प्रकारमा बाँडिएको छ ?

(1) चार ।
(2) पाँच ।
(3) दुई ।
(4) तीन ।

"जसे तल्लो धुरामा बस्थ्यो, कमानमा काम गर्थ्यो, धने रे धनेकी स्वास्नीसित हिलमिल भएको मान्छे । उसकी स्वास्नी मरेको पनि आलो-आलै थियो भनौँ ।"

**73.** माथिको गद्यांश कुन कृतिबाट लिइएको हो ?

(1) जुनेली रेखा ।
(2) सहारा ।
(3) तर कहिले ?
(4) मुलुकबाहिर ।

**74.** माथिको पाठ्यांशका सन्दर्भमा 'धुरा' शब्दको अर्थ के हो ?

(1) आरा काट्न बनाइएको मचान ।
(2) चियाकमानका मजदुरलाई बस्न दिइएको आवास-क्षेत्र ।
(3) दाउराको थाक ।
(4) चियाकमानका प्रबन्धकको नोकर बस्ने कोठा ।

**75.** माथिको पाठ्यांशमा 'आलो-आलै' शब्दको सङ्केतार्थ के हो ?

(1) भर्खरैको
(2) धेरै अधिको ।
(3) काँचो फल ।
(4) पानीले भिजेर हिलाम्ये भएको ।



www.a2zSubjects.com

www.a2zSubjects.com

**Space For Rough Work**



www.a2zSubjects.com